बैठक संख्या- ७७

मिति: २०७९।०४।०४

प्रस्तावहरु:

१. सार्वजनिक जग्गा प्रयोगको लागि सिफारिस सम्बन्धमा।

२. बिबिध।

निर्णयहरु:

**निर्णय नं. १-** श्री नेपाली सेना समरजीत गुल्म आधिखोला व्यारेक, स्याङ्जाको प.सं. १४१७७०।प्रा२०।०७८।७९। २३९२ मिति २०७९।०३।२३ को पत्रबाट नपाली सेनाको लागि दैनिक परेड, तालिम र खेलकुद सञ्चालन गर्न, भविष्यमा गण स्तरको फौज तैनाथ गर्न एवम् सार्वजनिक जग्गाको संरक्षण र उपयोगका लागि पुतलीबजार नगरपालका वडा नं. ५ नुवाकोट ईलाकामा पर्ने १३२-१४-३-२ क्षेत्रफलको कित्ता नं. ५३८ को पर्ति जग्गा उपलब्ध गराउन सिफारिस माग भएको र उक्त क्षेत्रको टोलबासीहरुको भेलाको निर्णय सहित पुतलीबजार नगरपालिका वडा नं. ५ बाट सिफारिस समेत भई आएको र उक्त जग्गा पुतलीबजार नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १४ मा व्यवस्था भएको दैवि प्रकोप व्यवस्थापनका लागि निर्धारित क्षेत्रमा नपर्ने देखिएको हुँदा साविकका सार्वजनिक बाटोहरु यथावत रहने, खानेपानीको मुहान तर्फको साईडमा संरचना नबनाउने र खानेपानीको मुहानमा असर नपार्ने गरी नेपाली सेनालाई उक्त जग्गा उपलब्ध गराउन "सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७" को दफा ७ (ग) बमोजिम सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. २-** बिबिध प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

क. देहाय बमोजिमका व्यवसायीलाई नियमानुसार 'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न स्विकृति दिने।

- सेन्चुरी विल्डर्स प्रा.लि. पुतलीबजार- ३, स्याङ्जा -प्रो. विक्रम विश्वकर्मा (पु.व.न.पा.३, स्याङ्जा)

ख. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को दफा ४ बमोजिमको स्थानीय तह स्तरीय भूमिहित तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको सदस्यमा कार्यपालिका सदस्य श्री अनिता रुचाल र श्री केशव घर्तिलाई मनोनयन गर्ने।

ग. प्रदेश नीति तथा योजना आयोगबाट माग भए बमोजिम देहायको योजना छनोटको लागि जिल्ला समन्वय समिति मार्फत पठाउन स्वीकृति दिने।

- शिक्षाचोक- भण्ज्याङ- नाम्चे- काल्खु सडक

२०७९।४।४

४/४

घ. विपन्न नागरिक औषधी उपचार तथा स्वास्थ्य बीमा अनुदान शिर्षकमा विनियोजित बजेटबाट देहायका विरामीहरुलाई उपचार खर्च अनुदान दिने ।

अ. सोनीमाया परियार वडा नं. ६ पक्षघात भएको ५०००।

आ. तिलबहादुर गुरुङ वडा नं. ६ दिर्घ रोगी ४०००।

इ. सिमा कुमारी कुँवर वडा नं. २ दिर्घ रोगी ४०००।

ई. कृष्ण बहादुर दमै वडा नं. ४ दिर्घ रोगी ४०००।

उ. देव बहादुर घर्ति वडा नं. ३ दिर्घ रोगी ४०००।

ऊ. अजय कुमार गुरुङ वडा नं. १ मृगौला रोगी ५०००।

ऋ. हेम कुमारी अर्याल वडा नं. १३ दिर्घ रोगी ४०००।

ऌ. गुप्त बहादुर सार्की वडा नं. १३ ५०००।

ऍ. डोल राज पोख्रेल वडा नं. ४ मुटु रोग ५०००।

ऐ. सेतुमाया कामी वडा नं. १४ मृगौला रोगी ५०००।

ए. बुद्ध बहादुर भुजेल वडा नं. १ बच्चा बिरामी ५०००।

२०७६।४।८

४।८